प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/१७
(बेलुका ५:०० बजे)

### ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ३५०, चितवनमा ४३, ललितपुरमा ३०, मकवानपुरमा २४, भक्तपुरमा २०, दोलखामा ४, काभ्रेपलान्चोकमा ३, सिन्धुपाल्चोकमा ३, धादिङमा २, रामेछापमा २, र सिन्धुलीमा १ गरी जम्मा ४८२ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ।

- भरतपुर-११, चितवन निवासी ६५ वर्षिय पुरुषको मिति २०७७ भाद्र १५ गते भरतपुर अस्पताल, चितवनमा निधन भएको छ । श्वास प्रश्वासमा कठिनाई भई भाद्र १५ गते इमरजेन्सीमा भर्ना भएको र निजको स्वाव नमुना संकलन गरी परिक्षण गर्दा सोही दिन कोरोना पुष्टी भएको रहियो । त्यस्तै खैरहनी-१३, चितवन निवासी ५५ वर्षिया महिलाको मिति २०७७ भाद्र १५ गते भरतपुर अस्पताल, चितवनमा निधन भएको छ । दुई दिन देखी उच्च ज्वरो तथा श्वास प्रश्वासमा कठिनाई भई भाद्र १५ गते इमरजेन्सीमा उपचाररत निजको सोही दिन कोराना पुष्टी भएको थियो । भरतपुर-११, चितवन निवासी १८ वर्षिया महिलाको मिति २०७७ भाद्र १५ गते भरतपुर अस्पताल, चितवनमा निधन भएको छ । श्वास प्रश्वासमा कठिनाई भई भाद्र १५ गते इमरजेन्सीमा उपचाररत निजको सोही दिन कोराना पुष्टी भएको थियो ।

- नागार्जुन-५, काठमाण्डौ सितापाइला निवासी ७० वर्षिय पुरुषको मिति २०७७ भाद्र १५ गते मेघा अस्पताल, ललितपुरमा निधन भएको छ । ज्वरो तथा श्वास प्रश्वासको समस्या भई भाद्र ८ गते मेघा अस्पतालमा भर्ना भएका निजको सोही दिन कोरोना पुष्टी भएको थियो । निज दमको समेत विरामी थिए । त्यस्तै काठमाण्डौ-१, नक्साल निवासी ८९ वर्षिय पुरुषको मिति २०७७ भाद्र १६ गते घरमै निधन भएको छ । मधुमेह तथा उच्च रक्तचापका बिरामी निजको भाद्र १३ गते कोरोना पुष्टी भएको थियो । काठमाण्डौ-३०, मैतीदेवी निवासी ७५ वर्षिय पुरुषको

मिति २०७७ भाद्र १६ गते त्रि. वि. शिक्षण अस्पतालमा निधन भएको छ । भाद्र १५ गते अस्पताल भर्ना भएका उनको भाद्र १६ गते कोरोना पुष्टी भएको थियो । निज उच्च रक्तचाप र मधुमेहका समेत विरामी थिए ।

- मध्यपुर ठिमी-७, भक्तपुर निवासी ४० वर्षिय पुरुषको मिति २०७७ भाद्र १६ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । ज्वरो, खोकी ,श्वास प्रश्वासमा समस्या भई भाद ६ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएको निजको भाद्र ५ गते नै कोरोना पुष्टी भएको थियो । त्यस्तै ललितपुर-१५, सातदोवाटो निवासी ७० वर्षिया महिलाको मिति २०७७ भाद्र १७ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । उच्च रक्तचापका बिरामी निज भाद्र १४ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएको र निजको स्वाव नमुना संकलन गरी परिक्षण गर्दा भाद्र १६ गते कोरोना पुष्टी भएको थियो । निज मधुमेह तथा दमका विरामी समेत थिए । धादिङ जिल्ला निवासी ४७ वर्षिय पुरुषको मिति २०७७ भाद्र १७ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । दम तथा मृगौलाका बिरामी निज भाद्र १३ गते भर्ना भएका र स्वाव नमुना संकलन गरी परिक्षण गर्दा भाद्र १६ गते कोरोना पुष्टी भएको थियो ।उहाँहरुको मृत्युमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको २१ प्रतिशत (२१.४४%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ४१६४९ (१००%) | ८९३३ (१००%) |
| निको भएको | २३२९० (५५.९%) | १५६९ (१७.६%)* |
| उपचाररत | १८१०८ (४३.५%) | ७२९८ (८१.७%)* |
| मृत्यु भएको | २५१ (०.६%) | ६६ (०.७%)* |

श्रोतः - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१७ ; - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१७

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९७३४ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरेकोमा अहिले २११६ जना बस्दै आउनुभएको र १४७३ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा ३०५७ वटा

आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३१४६ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ७०७८७ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | १०८६० | १०५२८ | ३३२ | २६४६६ | ३५० | ५२६९ |
| ललितपुर | ३७१ | ३१ | ८० | २२१ | १७८ | ४६३० | ४५७५ | ५५ | २५४५ | ३० | ७७४ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | ७६ | २३९६ | २३७६ | २० | ५३४२ | २० | ५६६ |
| रसुवा | २७८ | ० | २३ | ३५ | ४ | ७२७ | ७१५ | १२ | ७६२ | | १९ |
| नुवाकोट | ११७७ | १६५३ | ६६ | ४० | २१ | ३२९२ | ३१०२ | १९० | ३५९० | | ९१ |
| धादिङ | ३१५ | १४ | २३ | ७२ | १७ | ३१३५ | २९९० | १४५ | २४८४ | २ | २२९ |
| चितवन | २४६५ | ५१ | ५९३ | ३५५ | ४२८ | १८३८ | १८२३ | १५ | १२५६० | ४३ | ८२९ |
| सिन्धुली | ३९२ | १९ | २९ | ४३ | २५ | १२३० | ११९६ | ३४ | २४३८ | १ | ९० |
| मकवानपुर | ४०७ | ७ | ० | २१७ | ४९ | १९३९ | १९१९ | २० | ५९७० | २४ | ५७९ |
| रामेछाप | ४९० | ६५ | ० | ११४ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | २ | ७४ |
| दोलखा | ९८६ | ५८ | ० | २७ | १४ | १७४६ | १७३२ | १४ | १६५५ | ४ | ६६ |
| काभ्रेपलान्चोक | ९०९ | ६७ | १२६ | २०९ | १४२ | ३२८२ | ३२३२ | ५० | ३२५५ | ३ | २३८ |
| सिन्धुपाल्चोक | ७८९ | ३२ | १०१ | ५६ | ९ | १४५८ | १४४५ | १३ | ३२२१ | ३ | १०९ |
| जम्मा | ९७३४ | २११६ | १४७३ | ३०५७ | ३१४६ | ३७४२५ | ३६५१७ | ९०८ | ७०७८७ | ४८२ | ८९३३ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


### ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडा स्थित प्रदेश प्रयोगशाला | २०६२५ | १५८ | १४४ | २२ जनाः मकवानपुर-२१, बारा-१ | १२२ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | २१२२ | १८३३ | ३७१ | १९ जनाः भक्तपुर-११, काभ्रेपल्लान्चोक-२, दोलखा-४, ललितपुर-१, सिन्धुपाल्चोक-१ | ३५२ | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१७

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१७

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/
**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/
**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/
**-कोभिड १९ संकट ब्यवस्थापन केन्द्रः** ccmc.gov.np
**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates
**-विश्व स्वास्थ्य संगठन/नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई